ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY

जनता टाइम्स ८ बर्ष सफताको

❑ वर्ष-१० ❑ अङ्क-३, २०७५ जेठ ५ गते, शनिबार (May 19, 2018 Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठ संख्या: ६

सप्तकोशी टप्पु क्षेत्रमा विमान स्थल निर्माणका लागि अध्ययन शुरु

❑ खगेन्द्र कार्की



फत्तेपुर / कोशी टप्पु र सुनसरीको बराहक्षेत्र नगरपालिका, उदयपुरको बेलका नगरपालिका र सप्तरीको सप्तकोसी नगरपालिकाको मध्य भागमा रहेको कोशी टप्पु क्षेत्रमा रहेको करिब ६० हजार बिघा क्षेत्रफल रहेको खाली जग्गालाई संरक्षण र र उपयोगको लागि पहल शुरु गरिएको छ ।

तीन वटै नगरपालिकाको पहलमा खाली जग्गालाई बिमानस्थल र क्रिकेट स्टेडियम बनाउन सकिने सम्भावना देखिएको ले सम्भाव्यता अध्ययनका लागि नेपाल नागरिक उड्यान प्राधिकरणको इन्जिनियरले प्रारम्भिक सम्भाव्यता अध्ययन गरि काठमाण्डौ फर्किएका छन् । प्राधिकरणका इन्जिनियर सत्यराम दुवालको नेतृत्वको टोलीले गत मंगलबार स्पोटमा पुगि जग्गाका निरिक्षण गरेको छन् । 'प्रारम्भीक अध्ययनमा डोमेस्टिक एयरपोट बनाउन सकिने सम्भाना रहेको छ ।'- इन्जीनियर दुलालले नयाँ पत्रिकालाई भने-'सप्तकोशीलाई नियन्त्रण गरेर यहाँको खाली जग्गामा उत्कृष्ट विमान स्थल बन्न सक्छ ।'

समान्यता डोमेस्टिक एयरपोट का लागि १२देखि १५ सय मिटर को धावन मार्ग आवश्यक पर्छ । यसका लागि यहाँको जग्गा उपयुक्त हुने इन्जीनीयर दुलाले बताए ।

बाँकी अन्तिम पृष्ठमा

सप्तकोशी मेयर कपको उपाधी इटहरीलाई



फत्तेपुर / सप्तरीको सप्तकोसी नगरपालिका फत्तेपुरमा संचालित प्रथम मेयर कप फुटबल प्रतियोगिताको शुक्रबार भएको फाइनल खेलमा गाईघाट फुटबल क्लबलाई ४-३ को अन्तरले हराउँदै राष्ट्रिय जागृती क्लब इटहरी सुनसरीले उपाधी कब्जा गरेको छ।

निर्धारित समयमा दुबै टिमबाट कुनै गोल हुन नसके पछि खेलको छिनोफानो ट्राइबेकरबाट गरिएको थियो। सप्तकोसी नगरपालिका र न्यु त्रियुगा स्पोर्ट्स क्लब फत्तेपुरको संयुक्त आयोजनामा अन्तर नगरपालिका स्तरीय मेयर कप फुटबल प्रतियोगितामा उदयपुर, सप्तरी,सिराहा, धनुषा,मोरङ र सुनसरी गरि आठ वटा टिमहरुले सहभागिता जनाएका छन। प्रतियोगिता का बिजेता उपबिजेता टिमलाई क्रमश नगद रु एक लाख ,पचास हजार शिल्ड प्रमाणपत्र र मेडल बितरण गरिएको आयोजक न्यू त्रियुगा स्पोर्ट्स क्लबका अध्यक्ष अमर खवासले जानकारी दिए । वैशाख २७ गते देखि संचालित प्रतियोगिता ७ दिनसम्म संचालन भएको थियो ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी इटहरीका समीर राई र म्यानअफ दि म्याच गाइघाट फुटबल क्लबमा बिश्चित तामाङ उत्कृष्ट गोलकिपर इटहरीका बिष्णु चौधरी, बेस्ट डिफेन्स आयोजक क्लबका बुछु माझी घोषित भएका थिए ।

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन



नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९,

हेल्थपोष्ट अगाडी

सप्तकोशी ...

यसलाइ १५ सय लम्बाई र ४ सय चौडाईको पूर्व-पश्चिम धावन मार्ग बनाउन सकिने उनले बताए । जग्गा अर्न्तराष्ट्रिय स्तरको बनाउन पुग्ने भए पनि विचमा हाईटेनसनको विजुली तार रहेका कारण अर्न्तरष्ट्रिय स्तरको विमागस्थल बनाउ भने समस्या हुने उनल बताए । अन्तराष्ट्रिय स्तरको बनाउन ४ हजार मिटर लम्बाई र ८ सय मिटरको चौडाईको धावन मार्ग बनाउनु पर्ने हुन्छ । एयरपोट बनाउन यहाँ भएका व्यक्तिहरुलाई समेत अन्यत्र सार्नु पर्ने हुन्छ ।

प्रारम्भीक सर्वेबाट उपयुक्त देखिएको छ । पुन प्राधिकरणबाट डिटेल सर्वेका लागि इन्जीनियर आएर विस्त्रीत अध्ययनबाट सम्भावनाबारे भन्न सकिन्छ ।'-उनले यो फिल्ड अध्ययन मात्र हो ।'-इन्जीनियर दुलालले भने ।

गत मंगलबार सप्तकोशी नगरपालिकाका मेयर उत्तमकुमार गौतम, बेलका नगरपालिकाका मेयर दुर्गा थापा र इन्जीनियरदुलाल सहितको टोलीको फिल्ड अध्ययन गरेको थिए । उक्त अध्ययनको प्रतिवेदन इन्जीनीयर दुलालले एक साता भित्र प्राधिकरणलाई बुझाउने छन् । उनको प्रतिबेदनको आधारमा प्राधिकरणले डिटेल सर्वेका लागि इन्जीनीयरको टोली पठाउने छ ।

विमानस्थल निर्माणका लागि बेलका नगरपालिकाका मेयरसहितको टोलीले गत बैशाख २६ गते नागरिक उड्ययन मन्त्रालयका सचिवलाई भेटी सम्भाव्यता अध्ययनका लागि आग्रह गरेका थिए । यहाँको सम्भावनाबारे पटक पटक मन्त्रालय तथा नागरिक उड्ययन प्राधिकरणमा जिल्लाबाट डेलिगेशन जाने काम भएको बेलका नगरपालिकाका मेयर थापाले बताए । पछिल्लो डेलिगेशन पछि तत्काल मन्त्रलायले अध्ययनका लागि प्राधिकरणलाई अनुमति दिए पछि प्राधिकरणले अध्ययन थालेको हो ।

यो पर्यटकिय क्षेत्र कोशीटप्पु बन्यजन्तु आरक्षण, धार्मिक स्थल बराहक्षेत्र लगायतको मध्य भागमा रहेको यो श्रीलंका टापुमा अन्तराष्ट्रिय बिमानस्थल र अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियम बनाउदा उदयपुर ,सप्तरी ,सुनसरी ,भोजपुर ,खोटाङ, सिराहा लगायतका बासिन्दहरु लाभान्वित हुने बेलका नगरपालिकाका मेयर दुर्गा कुमार थापाले बताए । उनका अनुसार बेलकामा अन्तराष्ट्रिय बिमानस्थल बनाउन सरकारी तर्फबाट अनुमती र प्राबिधिक टोलि मात्र दिए पनि स्थानीयस्थरबाट विमान स्थल र अन्तराष्ट्रिय स्तरको खेलकुद मैदान बनाउन सकिने उनको भनाई छ ।

सूचना

कसैले कुनै पनि व्यक्तिलाई जात, जाती, वंश, समुदाय, पेसाको आधारमा व्यवसाय गर्न, कुनै धार्मिक कार्य गर्न, बस्तु वा सेवा, सुविधा उत्पादन, विक्रि वितरण गर्न प्रतिवन्त्र वा रोक लगाउन वा कुनै पेशा गर्न बाध्य पार्नु हुदैन ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधी मन्त्रालय
सूचना विभाग

सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर वनाउन पहल गरौ ।
– शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्रयोग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।

खगेन्द्र कार्की ९८४७०९७१०७
शंकर कार्की ९८६३९०८७४९
९८०७७४३७०७

जनता बुक्स एण्ड स्टेसनरी
सप्तकोशी नपा-१, फत्तेपुर, सप्तरी
बासपार्क जाने बाटो (हेल्थपोष्ट अगाडी)

हाम्रा सेवाहरु
यहाँ बोर्डिङ्ग स्कूल तथा कलेजका सम्पूर्ण पाठ्यपुस्तक, स्टेसनरी, पत्र पत्रिकामा विज्ञापन गर्नका साथै खेलकुदका सम्पूर्ण सामानहरु खुद्रा तथा होलसेल मूल्यमा पाइन्छ । साथै विवाह तथा व्रतबन्धका सम्पूर्ण कार्डहरु उपलब्ध गराइन्छ ।

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः
यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर
डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग
डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ



जनसेवा पोलिक्लिनिक प्रा.लि
सप्तकोशी नपा–१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु
- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय माबि अगाडी फोन नं.: ०३१-५५०१८७

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन कंसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय.....

कम्युनिष्ट एकताको सन्देश

अन्तत एउटै घोषणापत्र लिएर चुनावमा गएका दुई प्रमुख कम्युनिस्ट पार्टीहरू एमाले र माओवादी केन्द्रबीच एकता भएको छ । चुनावमा कम्युनिस्ट गठबन्धनले स्पष्ट बहुमत पाएपछि एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको थियो । ठूलै अभ्यास पछि जेठ ३ गते मदन आश्रित स्मृति दिवसको अवसरमा पार्टी एकताको घोषणा भएको छ । योसगै एसियाकै ठूलो पार्टी बन्न सफल भएको छ ।

एकता पछि आम नागरिकले मुलुकमा स्थीरता, स्थायी सरकार र सम्वृद्धिको आशा गरेका छन् । लामो राजनीतिक अस्थिरताका कारण देश अराजकताको भुमरीमा परेको थियो । सामाजिक विकासका क्षेत्रमा नेपालको प्रगति छिमेकीहरूका तुलनामा कमजोर नभए पनि आर्थिक प्रगति सन्तोषजनक मान्न सकिदैन् । आगामी दिने मुलुकले गति लिने आशा पलाएको छ ।

देशका ७ प्रदेशमा प्रदेश सरकार बनेको छ । अधिकांश स्थानीय तहमा पनि कम्युनिस्टहरूकै वर्चस्व छ । यस्तो अवस्थामा भएको कम्युनिस्ट एकता देश र जनताका लागिमात्र हैन स्वयं नेपाल कम्युनिस्ट पार्टीका लागि पनि चुनौती र अवसर दुवै हुनेदेखिन्छ । अवसरलाई सदुपयोग गर्दै चुनौतीलाई सामना गर्न यो दल तयार हुनु पर्दछ । केन्द्रमा दुई उक भएका छन् । अव कार्यकर्ताको व्यवस्थापन सम्भवतः नयाँ पार्टीका लागि सबैभन्दा ठूलो चुनौती हुनेछ । कुसल नेतृत्वका साथ सबै कार्यकर्ताहरुलाई चित्त बुझाएर तल्लो तहसम्म संगठन विस्तार गर्नु पर्दछ ।

देशलाई अराजकता र दण्डहीनताको भुमरीबाट मुक्त गरेर सही दिशामा अग्रसर गराउने जिम्मेवारी यही पार्टीमा आएको छ । राजनीतिक अस्थिरताको अन्त्यका लागि दुवै पार्टीका अध्यक्षहरूलाई बधाई नदिइरहन सकिदैन् । जनतालाई निराश नबनाउन लोकतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा, असमानताको अन्त्य तथा समृद्धिको सुनिश्चितता गर्न ठोस कार्ययोजना बनाएर लाग्नु पर्दछ । पार्टी एकता समृद्धि र स्थिरताका लागि होस् । शुभकामना ।

☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्बुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

प्रदेश नम्बर २ : नाम र राजधानी कहिले ?

संगीता रेग्मी

प्रदेश २ मा प्रदेश सरकार गठन भएको झन्डै तीन महिना भइसकेको छ । तर, प्रदेशको नाम र स्थायी राजधानी अहिलेसम्म टुंगो लागेको छैन । संविधानले प्रदेशको नामाकरण र स्थायी राजधानी तोक्ने जिम्मा प्रदेश सभालाई नै दिएको छ । तर प्रदेश सरकारले यी दुबै विषयमा अहिलेसम्म सामान्य गृहकार्य समेत सुरू गरेको छैन । नाम र स्थायी राजधानी प्रस्ताव गर्दा विवादमा फस्ने डरले सरकारले प्रस्ताव तयार गर्न सकेको छैन ।

नामाकरण र राजधानी तोक्न पहल नभएको भन्दै प्रदेशका मन्त्रीले नै असन्तुष्टि जनाउने गरेका छन् । केही दिनअघिको प्रदेशसभा बैठकमा उद्योग पर्यटन, वन तथा वातावरणमन्त्री रामनरेश राय यादवले प्रदेश नामाकरण चाँडै गर्नुपर्ने बताएका थिए ।

प्रदेशको नामाकरणको विषयमा सरकारले चाँडै विधेयक ल्याउनु पर्ने उनको धारणा छ । तर, सरकारले विधेयक ल्याउन गरेको तयारीबारे स्वयं सरकार नै अनभिज्ञ छ ।

> *सरकारको नेतृत्व गरिरहेका संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीका नेताहरुले मधेश प्रदेश भनेर नामाकरण गर्नेमा जोड दिँदै आएका छन् । मुख्यमन्त्री राउत पनि मधेश प्रदेशको पक्षमा छन् ।*

पूर्वमा सप्तरीदेखि पश्चिम पर्सासम्मका आठ जिल्लामा समेटिएको प्रदेश २ को नामको प्रदेशको पक्षमा छन । प्रदेश २ मिथिला क्षेत्र रहेकोले प्रदेशको नाम मिथिला नै हुनु पर्ने उनीहरूको जोड छ ।

जनकपुरमा मिथिला प्रदेशका अभियानी परमेश्वर कापडीले यो क्षेत्र मिथिला प्रदेश भएकाले प्रदेशको नाम मिथिला हुनु पर्ने तर्क गर्छन ।

एमालेले सबैलाई मान्य हुने गरी प्रदेशको नामाकरण गर्नुपर्ने र जानकी वा मिथिला प्रदेश स्वीकार्य हुने बताउँदै आएको छ ।

माओवादी केन्द्रले पनि एमालेसँग सहमत रहँदै मिथिला भोजपुरा हुनुपर्ने बताएको छ ।

प्रदेशको नाम र स्थायी राजधानीलगायतका विषयमा चाँडै नै प्रदेशसभामा औपचारिक प्रस्ताव पेस गर्ने प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले हालै एक कार्यक्रममा बताएका थिए । तर यस विषयमा सरकारको तयारी के छ, कस्तो प्रस्ताव लगिदैछ, त्यस विषयमा स्वयं प्रदेश मन्त्रीहरू अनभिज्ञ छन् ।

सरकारले प्रदेशको नामाकरण मधेश गरे दुईतिहाइ पुग्ने सम्भावना कम देखिएको छ । प्रदेश सभामा २९ सिट रहेको संघीय फोरम र



२५ सिट रहेको राजपा मिलेर सरकार गठन गरेका छन् ।

प्रदेश(२ मा एमाले २१, कांग्रेस १९, माओवादी केन्द्र ११, नेपाल संघीय समाजवादी पार्टीबाट एक र स्वतन्त्र एक सांसद छन् । एमाले, कांग्रेस र माओवादी मधेश प्रदेशको पक्षमा देखिएका छैनन् ।

प्रदेश २ को स्थायी राजधानी कहाँ राख्ने भन्ने विषय पनि अहिले विवादित छ । सरकारले प्रदेश २ को अस्थायी राजधानी जनकपुरलाई तोके पछि वीरगञ्जमा आन्दोलन भएको थियो । स्थायी राजधानी जनकपुर कि वीरगञ्ज भन्ने विवाद धेरै दिनसम्म चलिरहँदा अन्ततः आन्दोलन कुनै निष्कर्षमा नपुगी साम्य भएको छ । यद्यपी अहिले पनि राजधानीको विवाद कायमै छ ।

जनकपुर धार्मिक, सांस्कृतिक र ऐतिहासिक सहर भएकाले यसलाई नै राजधानीको रूपमा निरन्तारता दिनुपर्छ भन्ने एक थरीको तर्क छ भने वीरगञ्ज प्रदेश २ को मात्र नभइ नेपालकै प्रवेशद्वार भएकाले यसलाई स्थायी राजधानी बनाउनु पर्ने अर्को थरीको दावी छ । तर, प्रदेश सरकारले सबै तर्क र आधारलाई मनन गरी स्थायी राजधानी घोषणा गर्न विलम्ब गर्नु हुँदैन ।

केही दिन अघि जनकपुरमा भएको पार्टीको कार्यक्रममा संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले मुख्यमन्त्री मोहम्मद लालबाबु राउत गद्दीलाई प्रदेशको नामाकरण चाँडै गर्न सुझाव दिएका थिए । अध्यक्ष यादवले दुई नम्बर प्रदेश भनेर हिनताबोध हुने भएकोले तत्काल प्रदेशको नामाकरणतर्फ ध्यान दिन मुख्यमन्त्रीलाई सल्लाह दिएका थिए । तर प्रदेश सरकार सहित अन्य राजनीतिक दलहरूले पनि नाम र राजधानीका विषयमा चासो दिएका छैनन् ।

प्रमुख प्रतिपक्षी दल एमालेले प्रदेशको राजधानी र नामाकरणमा सरकारले ढिलाइ गरिरहेको टिप्पणी गरे पनि प्रदेशसभाको बैठकमा उसले न त केही बोलेको छ न त नाम र राजधानी के हुने सुझाव दिएको छ ।

विपक्षी दल कांग्रेसले सरकार सुस्त हुँदा प्रदेशको नाम र राजधानीको विषय टुंगो लगाउन नसकेको आरोप लगाएको छ । कांग्रेस पनि प्रदेशको नाम के हुने र स्थायी राजधानी कहाँ राख्ने बारे मौन बसेको छ । प्रदेशको राजधानी, नामाकरण र प्रदेशको सरकारी कामकाजको भाषाको विषयमा ढिलाइ भएको बुद्धिजीविहरूको गुनासो छ ।

विषयमा सत्तारूढ र विपक्षी दलको आ(आफ्नै धारणा छ । प्रदेश सरकारले प्रदेशको नामाकरण र स्थायी राजधानीको विषयमा प्रदेशसभामा प्रस्ताव नलगे पनि प्रदेश सरकारको आधिकारिक वेबसाइटमा प्रदेश २ नै नामाकरण गरिएको छ ।

सरकारको नेतृत्व गरिरहेका संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीका नेताहरूले मधेश प्रदेश भनेर नामाकरण गर्नेमा जोड दिँदै आएका छन् । मुख्यमन्त्री राउत पनि मधेश प्रदेशको पक्षमा छन् ।

मधेश आन्दोलनबाट संघीयता प्राप्त भएकोले प्रदेशको नाम मधेश प्रदेश राख्नु पर्ने फोरम र राजपाका नेताहरूको तर्क छ ।

मधेश प्रदेशको नामाकरण गरिएन भने मधेश आन्दोलनका सहिदहरूको अपमान हुने सत्तारूढ दलका नेताहरूको तर्क छ ।

तर, विपक्षी दल एमाले, कांग्रेस, माओवादीलगायत मधेश प्रदेश स्वीकार गर्ने अवस्थामा छैनन् । कांग्रेसले आठ जिल्ला मात्र समेटिएको प्रदेशलाई मधेश प्रदेश स्वीकार नगर्ने बताउँदै आएको छ । काँग्रेस प्रदेश(२ को नाम मिथिला नामाकरण हुनुपर्ने पक्षमा छ । काँग्रेस मात्र होइन, यस क्षेत्रका अधिकांश जनता मिथिला

जनता टाइम्स्
२०७५ जेठ ५, May 19, 2018

नकारात्मक सोचले कसरी निम्त्याउँछ रोग ?

डा कपिल देव उपाध्याय

हाम्रो शरीर वाहिरवाट हेर्दा जस्तो देखिन्छ, भित्र त्यस्तो छैन । हामीले शरीरलाई एउटा ठोस आकारको देख्छौ र लिन्छौ तर शरीर भित्र अनगिन्ती कोषहरु, नसाहरु, रगतनलीहरु, मुटु, फोक्सो, कलेजो आदि धेरै अङ्गहरु छन भने टाउकोभित्र मष्तिस्क र यसका अनगिन्ती कोषहरु छन् । वैज्ञानिकहरु भन्छन शरीर एउटा शक्ति मात्र हो र यो इनर्जीमा कम्पन भइराखेको छ । शरीर नै शक्ति हो भने हाम्रा विचारहरु, भावनाहरु सवै शक्ति भए ।

हाम्रो शरिरलाई विभिन्न रोगहरुबाट वचाउन शरिर भित्रै, प्रतिरोधात्मक क्षमता छ अर्थात् रोगहरुसँग लड्ने निकै शक्तीसाली फौज छ वा आर्मी छ । रोगसँग लड्ने यो प्रतिरोधात्मक क्षमता यति बलियो छ कि हरेक किसिमका रोगका किटाणुहरुलाई मार्न सक्छ। निस्कृय पार्न सक्छ। जव हाम्रो यो प्रतिरोधात्मक क्षमता वा कमजोर हुन्छ, शरिरमा रोगले आक्रमण गर्न थाल्दछन् र जति प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ, त्यति रोगले जकड्दै जान्छ।

रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता जति बलियो छ त्यति हामी निरोगी हुन्छौ । प्रश्न आउँछ, कसरी यो क्षमतालाई कमजोर हुन नदिने वा वलियो वनाई राख्ने ? हाम्रो जीवनशैलीमा ध्यान दियौं भने सजिलै छ । जस्तै चुरोट, सुर्ती, खैनी आदि सेवन नगर्ने, फलफूलहरु, हरियो सागपात, गेडागुडी आदी खानामा समावेस गर्ने, बढी चिल्लो खानेकुराहरु र चीनीको प्रयोग सकेसम्म कम गर्ने गर्दा रोगसँग लड्न सक्ने क्षमता कमजोर हुँदैन रहेछ । तर यतिले मात्र पुग्दैन । नियमित शारिरिक व्यायाम गर्ने, आफ्नो तौल वढ्न नदिने अर्थात् नमोटाउने र प्रदुषित वातावरणबाट वच्नुपर्दो रहेछ । सरसफाईमा ध्यान दिने, सात घण्टा नियमित सुत्ने, जकफुड नखाने र मानसिक तनाव छ भने त्यसको व्यवस्थापन गर्नु पर्दो रहेछ।

एउटा महत्वपूर्ण कुरा त अझ वाँकी नै छ, त्यो हो नकारात्मक भावनाहरु र विचारहरु । भनिन्छ ८५ प्रतिशत जति रोगहरु हृदय रोग र क्यान्सर लगायत नकारात्मक भावनाहरु र सोचहरुबाट प्रभावित हुन्छन्। यी नकारात्मक भावनाहरु र सोचहरुले रोगसँग लडने प्रतिरोधात्मक क्षमतालाई कमजोर पार्छन्।

एउटा उदाहरण धेरै वर्ष पहिले हिमाली क्षेत्रको एउटा गुफामा एकजना सिद्ध पुरुष बस्नुहुन्थ्यो । उहाँलाई भेट्न र ज्ञान सिक्नको लागि धेरै टाढा-टाढा वाट मानिसहरु आइरहन्थे । नजिकैको गाउँबाट भेडा चराउन एउटा गोठालो त्यहीँ गुफा नजिकै आउने रहेछन् । मानिसहरुको आवत-जावत र त्यो गुफा वरीपरी भिड लागिरहेको हेर्दै दिन बिताउन गाठालोलाई सजिलो लाग्ने रहेछ । मानिसहरु ति सिद्ध पुरुषसँग के सिक्न आउने रहेछन् ? जान्ने उत्सुकता गोठालोलाई लागेछ र एकदिन अरु मानसिहरु नभएको बेला पारेर सन्तकहाँ गएछन् र अनुरोध गरेछन्, 'मलाई पनि केही सिक्न मन लाग्यो । के मैले सिक्न सक्छु?'

ति सिद्ध पुरुषले गोठालोलाई भनेछन्, 'हुन्छ सिक्न सक्छौ । तिमीले २ वटा झोला तयार पारेर लिएर आउ ।' गोठालोले २ वटा झोला लिएर आएछन् । सन्तले भने, 'तिमी जुन ठाउँमा वसेर धेरै समय विताउँछौ । त्यहाँ सेतो र कालो रंगका ससाना ढुङ्गाहरु जम्मा पार । एउटा झोला आफ्नो दाहिनेतर्फ र अर्को वायाँतर्फ राख । अव तिमीले तिम्रो मनमा हेर, मनमा कस्तो विचारहरु आउने रहेछन् हेर । राम्रो विचार आए एउटा सेतो ढुङ्गा दाहिने तिरको झोलामा राख । नराम्रो विचार



आए वायाँ तिरको झोलामा कालो ढुङ्गा राख । २र३ दिन यो प्राक्टिस गरेपछी भेटा'

गोठालोले पनि सन्तले भने जस्तै गर्न लागेछ । आफ्नो बारे, आफ्ना गाउँका मान्छेहरु बारे, भेडाहरु बारे नराम्रो वा खराव विचारहरु मात्र वढी आउने रहेछन्।

तीन दिनपछि सन्तकहाँ आएर गोठालोले आफ्नो अनुभव बताएछन् । 'सुरु-सुरुमा यस्तै हुन्छ, तिमी आफ्नो मनमा हेर्ने र ढुङ्गा झोलामा राख्ने प्राक्टिस गरिराख । केहिी समयपछि फेरी भेट,' सन्तले भने । गोठालोले जति प्राक्टीस गर्दै गए नराम्रा बिचारहरु घट्दै गएको र राम्रा विचारहरु वढ्दै गएको अनुभव गर्न थाले।

भनिन्छ ७५ प्रतिशत हाम्रा विचारहरु नकारात्मक हुन्छन् र तिनैको प्रभावमा हामी हुन्छौ । विचार पनि यति छिटो-छिटो आउने र जाने गर्छन् कि हामीलाई थाहा पाउन नै मुस्किल हुन्छ । मन एकत्रीत गरेर विचार हेर्न लाग्यो भने केहि समयपछि आफ्नो विचार पहिल्याउन सक्ने भइन्छ । जव विचारहरुलाई चिनिन्छ, नकारात्मक विचार आयो भने किन आयो, के सन्दर्भमा आयो थाहा पनि पाइन्छ । यदि नराम्रा विचारहरु आएर दुःख दिने रहेछन् भन्ने थाहा पाइयो भने ति स्वत घटन थाल्छन र राम्रा विचारहरु वढदै जान्छन् अर्थात् सहयोगी भाव, प्रेम भावहरु बढदै जान्छन ।

नकारात्मक भावनाहरुमा रिस, लोभ, घृणा, ईष्या र डरहरु मुख्य मानिन्छन्, त्यसो त अरु धेरै नकारात्मक भावनाहरु पनि छन्। त्यसैले शरिर, मन र वचनले कसैको हानी नगर्नु, कसैको चित्त नदुखाउनु भनेको होला । नकारात्मक भावबाट मुक्त हुनको लागी आफुले कसैको मन दुखाएको भए आफैलाई माफ गर्ने र अरुले आफ्नो मन दुखाएको भए अरुलाई माफ गर्ने अभ्यास गर्नुपर्छ । प्राय अरुलाई माफ गर्न मानिसहरु तयार हुँदैनन, आफूभित्रको अहंले गर्दा वदलाको भावना लिइरहन्छन् । जुन नकारात्मक भाव हो । यस्तो गर्नु आफ्नै खाल्डो खन्नु हो, किनकि रोगसँग लड्ने क्षमता आफ्नै घट्छ र रोगको शिकार भइन्छ । कुनै सर्त विना आफ्नो मन दुखाउने, आफुलाई दुःख दिनेहरुलाई आफ्नो मन मनै माफी दिनु उत्तम हो ।

मन दुखाउने व्यक्तिहरु कहाँ गएर वा भेटेर 'मैले माफी दिए' भन्नु पर्दैन । आफ्नो मनको भावमा परिवर्तन गर्ने हो, रिसको भाव, इर्ष्याको भाव र वदलाको भावको भारी विसाउने हो। आफु ति भाववाट मुक्त हुनु हो । तर केहि व्यक्तिहरु अरु प्रति रिस, घृणा र वदलाको भावना वोकेका कारण चिन्ता रोग, डिप्रेसनका लक्षणहरु लिएर आउने गरको मैले भेटेको छु । एकजना अधवैंसे महिला लामो समयदेखि टाउको दुख्ने, मन निराश हुने र निन्द्रा नलाग्ने समस्या लिएर आउनु भयो । खोतल्दै जाँदा उहाँलाई डिप्रेसन भएको रहेछ । मानसिक तनाव दिने कारणहरु सोद्धा उहाँलाई सवै आफन्तजनले धोखा दिएका छन्, दुःख दिएका छन र सताएका छन् भन्नुभयो । तनाव कम गर्नु पर्‍यो। मनमनै तिनीहरु सवैलाई माफ गर्नुस अनि छिटो निको हुनुहुन्छ भन्दा 'कुनै पनि हालतमा माफ गर्न त सक्दिन' भन्नुभयो ।'

त्यस्तै हामी धेरै कुराहरुलाई लिएर डराइरहेका हुन्छौं । चिन्ता लिइरहेका हुन्छौं । जस्तै परिवारका सदस्यहरुलाई केहिी हुन्छ कि ? आफूलाई रोग लाग्छ कि ? दिमागले काम गर्दैन कि ? आदि आदि । आफ्नो परिवारसँग समय विताउदा वच्चाहरुसँग खेल्दा, योगा वा ध्यान गर्दा यी नकारात्मक सोचहरु घट्छन्।

नकारात्मक भावनाहरुले मानसिक तनाव बढ्छ । लगातारको मानसिक तनावले रोगहरुसँग लड्ने प्रतिरोधात्मक क्षमता ह्रास हुन्छ र कुनै रोगले आक्रमण गर्छ । रोग लागेपछि यसले मानसिक तनाव अझ वढाउँछ र रोग घटनुका सट्टा वढ्छ । त्यसैले जो व्यक्तिहरु आक्रमक खालका छन्। रिसाहा प्रवृत्तिका छन्। जहिले पनि दौडधुप मात्र गर्छन् र आराम गर्न चाहँदैनन, निन्द्रा पुग्दैन, खानपिनमा ध्यान दिदैनन् । परिवारसँग समय विताउँदैनन, उनीहरुलाई वढी स्वास्थ्य समस्याहरु हुन्छन् र कतिलाई हृदयघात हुने खतरा समेत हुन्छ । नकारात्मक सोचहरुले मानसिक तनाव वढाउँछन्। लगातारको मानसिक तनाव महिनौंसम्म रहीरहेमा शारिरको रोगसँग लड्ने क्षमता घट्छ र विभिन्न रोगहरुले सताउन थाल्छन्। नकारात्मक सोचहरु वढी आउनु भनेको चिन्ता वढ्नु हो र जति चिन्ता बढ्यो त्यति डर लाग्ने र आत्तिने हुन्।

त्यसैले रिसलाई, निराशापनलाई, डरलाई र मानसिक तनावलाई वेवास्ता नगर्नुस् र आफ्नो जीवन शैलीलाई सुधार्नुस् । स्वस्थ्य रहन चाहनुहुन्छ र आनन्दको जीवन जीउन चाहनुहुन्छ भने यो नै मन्त्र हो।

तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लि,ले,लो,अ): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला । मनमा उत्साह र हिम्मत बढ्नेछ ।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । मन प्रफुल्ल रहला ।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मनमा चंचलता बढ्नेछ । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): समय राम्रो छ । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला । प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला ।

तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला । स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न । मन दोधार होला ।

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला । शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।


धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ । नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छ । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला । शुभ समाचार सुन्नाले मन प्रशन्न रहला ।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ । पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):समय उत्तम खालको छ । तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।

‘हामी जनताको आकांक्षा पुरा गर्न प्रतिबद्ध छौं’



रामसरोज यादव
संसदीय दलका नेता नेपाली काङ्ग्रेस प्रदेश २

(जहाँ जुन दल सरकारमा सामेल हुन्छ वा सरकार बनाउन मत दिन्छ त्यो दलभन्दा बाहिरका १० प्रतिशत संख्या जसलाई प्रतिपक्षको मान्यता दिइन्छ । केन्द्रीय संसदको नियमावलीमा पनि त्यही प्रावधान छ । अहिलेसम्म संसारमा बिना प्रतिपक्षको कुनै संसद चलेको मैले थाहा पाएको छैन । ऐन, नियम, कानुन बनाउन समय लाग्छ । परम्पराहरू छन्, होइन भने ३ महिनासम्म प्रतिपक्षी दल बिना संसद चलेको मैले पहिलो पल्ट सुनेको हो । गिरिजाप्रसाद कोइरालाको सरकार हुँदा पनि ठूलो पार्टी एमालेले सरकारलाई समर्थन गरेर प्रतिपक्षीमा बसेको थियो । प्रतिपक्षी नभएको भए त सरकार नै बन्दैनथ्यो । सरकार त कुनै पनि हालतमा बनाउनु नै थियो । संसदको परम्परा पनि हो । त्यसकारण संसदीय व्यवस्था अनुसार हामीले पाउनुपर्छ भन्दै आएका छौं र संसदमा पनि अवरोध गर्दै आएका छौं । किनभने सरकार पनि बिना प्रतिपक्षको हुँदैन ।

हाम्रो माग प्रमुख प्रतिपक्षी नै हो । प्रदेश २ को संसदमा कांग्रेस बाहेक अन्य जति पनि पार्टी छन् तिनीहरू सबैले एमालेको सरकारलाई मत दिएको बाहिरको पार्टी हुन्छ । अहिले प्रदेश २ को नियमावली पास भएको छैन । अहिले सरकार र संसद प्रादेशिक संसद नियमावली, केन्द्रीय संसद नियमावली अनुसार नै चलेको छ । सारा सरकार केन्द्रको ऐन कानुन अनुसार चलेको छ भने केन्द्रकै संसदमा उल्लेख भएको कुरा किन मान्यता दिदैन । मेरो विचारमा राजपा र संघीय फोरम नै तानाशाही प्रवृतिले चलेको छ । नेपाली कांग्रेसलाई नै प्रतिपक्षीको भूमिका दिनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ । त्यति मात्र होइन, कार्यव्यवस्था परामर्श समितिमा स्वयं सभामुखले यो कुरालाई उद्घोष गराउनुभयो । उक्त समितिले सभामुखलाई तपाईको एक मतले निणर्य गर्नुस भनेर आग्रह गरेकै हो ।

त्यही कुरामा हामीले थोरै समयको लागि प्रदेशसभा बैठक अवरूद्ध गर्‍यौं, ५ दिनभित्रमा टुंगो लगाउछु भनेपछि हामीले फिर्ता लियौं तर अहिलेसम्म पनि सभामुखले प्रतिपक्षको फैसला दिनुभएको छैन । त्यसकारण जबसम्म यसको फैसला हुँदैन तबसम्म हामी संसद चल्न दिदैनौं । अहिलेसम्म दुई वटा संसद अवरूद्ध गरेका छौं र अबका दिनमा पनि गर्नेछौं ।

यो सम्बन्धमा अन्तरिम समितिको बैठकमा पाँच दिनमा टुंगो लगाउँछु भनिसके पछि त्यो कुरालाई टुंगो लगाउन पर्छ कि पर्दैन ? सभामुख जस्तो गरिमामय पदमा बसिसकेपछि संसद चलाउने काम उहाँले चल्दैन । हामीले आफ्नो जायज माग नै राखेका छौं । यसको समाधान कसरी गर्ने त्यो उहाँहरूले निर्णय गर्ने कुरा हो, यसमा हामीले निर्णय गर्न मिल्दैन ।

पहिलो पटक संसदमा बोल्दा पनि मैले के भनेको थिएँ भने यो नयाँ प्रदेश हालेको छ उसलाई सौताको व्यवहार गर्‍यो भने यो सरकार कसरी अगाडी बढ्न सक्छ । हामीले यति सहयोग गर्छौं भनिसके पछि सरकारले सबै पार्टीलाई मिलाएर लैजानुपर्ने हो । यसमा सबैभन्दा ठूलो दायित्व सरकारको हो । यो प्रदेशलाई कसरी विकास गर्ने, प्रदेशमा धेरै ठूला(ठूला चुनौतिहरू छन् । यो कुरालाई राजपा र फोरमको सरकारले सोच्नुपर्छ । बल सरकारको कोर्टमा छ । हामीले त भनिरहेका छौं कि बिना प्रतिपक्ष सरकार चल्दैन । केन्द्रमा नेपाली काँग्रेस प्रतिपक्षमा छ । तर प्रदेश २ मा अवश्य नै राजपा र संघीय फोरम सत्तापक्ष नै हो । विश्वका प्रजातान्त्रिक व्यवस्था भएका सबै देशहरूमा यस्तै व्यवस्था छ । जसले सत्तापक्षमा मत हालेको छ उ सत्तापक्ष हो र जसले विपक्षमा मत हालेको छ उ विपक्षी हो । यो केन्द्रमा र प्रदेशमा एउटै व्यवस्था हो ।

हामीले दुई पटक संसद अवरोध गर्दा पनि यसको निष्कर्ष कसरी निकाल्ने भन्ने विषयमा केही भनेको छैन । कानुन निर्माण गरेर संसदमा पास गर्नुपर्ने हो, यो काम अहिलेसम्म सरकारले गरेको छैन । जसले गर्दा विकास निर्माणका काम हुन सकिरहेको छैन । अब यो सरकारलाई के भन्ने ? सबै पार्टीलाई मिलाएर संसदमा छलफल गर्नुपर्ने हो, त्यो पनि गर्न सकेको छैन । कुनै पनि समस्याको समाधान टेबुलमा हुन्छ । छलफलबाट समस्याको समाधान निस्कन्छ । यो सरकारले किन सबैलाई बोलाउन सकिरहेको छैन, त्यो म आफै बुझ्न सकेको छैन ।

बिना प्रतिपक्ष सरकार नचल्ने भएकाले हामी प्रतिपक्षमा बस्नका लागि माग गरिरहेका छौं । माग गर्ने काम हाम्रो हो तर त्यसको टुंगो लगाउने काम हाम्रो होइन । हामीले संसदलाई अवरोध गरेको भएपनि संसदलाई असफल बनाउन लागेका होइनौ ।संसदलाई बलियो बनाउन, सहि ठाउँमा लैजान अग्रगतिमा अगाडि बढाउन, सरकारले जनताको आकांक्षा, अपेक्षालाई पूरा गर्नका लागि अवरोध गरेका हौं । (

नेपाली काँग्रेसबाट प्रदेश २ का संसदीय दलका नेता यादवसँग मधेश

दर्पण

प्रतिनीधिले गरेको कुराकानीमा आधारित ।)

छ ।

एउटा काँग्रेसमात्रै हो, जो विपक्षीमा मत दिएको छ । विपक्षमा मत हालेको पार्टी प्रतिपक्षमा हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । सरकारलाई मत दिएको पार्टीभन्दा बाहिरको पार्टी हुनुपर्छ भन्ने हाम्रो अडान हो ।

संघीय संसदको नियमावलीमा प्रष्टै लेखिएको छ(प्रतिपक्ष भनेको जुन सरकार बनाउन सहयोग गरेको वा सामेल भएको पार्टी भन्दा

~~नियमम~~

केही पनि उल्लेख भएको छैन । अहिले अन्तरिम नियमअनुसार सरकार चलिरहेको छ । त्यो अन्तरिम नियमावली कार्यव्यवस्था परामर्श समितिले पारित गरेको हो र यो कुराको टुंगो लगाउन पनि सभामुखले समितिमा नै उद्घोष गर्नुभएको हो ।

गर्नुपर्छ । उहाँले त्यो गर्नुभएको छैन । त्यसकारण नेपाली कांग्रेसले अवरोध गर्छ र गरिरहन्छ ।

निष्कर्ष त सम्बन्धित निकायले निकाल्नुपर्छ । प्रदेश सरकारलाई पनि प्रतिपक्ष चाहियो, बिना प्रतिपक्षीको सरकार

हो, नयाँ संघीयता हो, सबै पार्टी मिलेर यो प्रदेशलाई बलियो बनाउनुपर्छ, समृद्धि र शिक्षित बनाउनुपर्छ । जो पार्टी प्रतिपक्षमा मत

किन मनन गर्दैन ? आखिर विधिहरू पास गरेर विकास निर्माणका काम गर्नका लागि त सरकारले

सौभाग्यका लागि मिथिलाञ्चलमा वरको पूजा

राजविराज / मिथिलाञ्चलमा मंगलबार सोह्र श्रृंगार गरेर महिलाहरुले श्रद्धापूर्वक बरसाइत (बटसाबित्री) पर्व मनाएका छन् । सौभाग्य(समृद्धिका लागि महिलाहरुले वरको रूखमा दूध र जल चढाई पूजा(आजा गरेर यो पर्व मनाएका हुन् ।

वरको रूखको मूलमा ब्रह्मा, विष्णु तथा अग्रभागमा शिवको बास हुने तथा सावित्री पनि सोही रूखमा प्रतिष्ठापित हुने मान्यताअनुसार पतिको दिर्घायुका लागि व्रत गर्ने गरिएको राजविराज ६ की अनु यादवले बताइन् ।

मैथिली भाषामा वटलाई वर भनिन्छ भने पतिलाई पनि वर भन्ने गरिन्छ । वरको रुख दीर्घायु हुने भएकाले यसको पूजा गर्ने मान्यता रहेको बताइन्छ । वट(सावित्री पूजा नवविवाहिताले विवाह भएपछिको पहिलो पटक विशेष विधिविधानका साथ गर्नुपर्ने नवविवाहिता अन्जना ठाकुरले बताइन् ।

वरको रूखको पूजासँगै शिक्षित तथा जेष्ठ महिलाहरुले रुखमुनि गौरी, भगवती र विसहराको कथा भन्ने र अरुहरुले सुन्ने गर्छन् । पूजा सकिएपछि व्रत बस्ने महिलाले वरको पात कपालमा सिउरेर अटल सौभाग्यको वरदान माग्ने गर्छन् । सधवा महिलाहरुले वट सावित्री व्रतका दिन दिन सिंदूर, फल, फूल, अक्षता, बाँसको पंखा, चना र मिठाईले सावित्री, सत्यवान र यमराजको पूजा गर्छन् । सम्पूर्ण मिथिला क्षेत्रमा १६ श्रृंगार गरेका महिलाहरुले बरको रुखको परिक्रमा गरी बेसारले रंगिएको काँचो सुतको धागो बाँध्ने चलन छ । ताकि उनका पति दीर्घायु हुन र प्रगति गरुन ।

प्रेम, श्रद्धा र समर्पणको यो पर्व पवित्र प्रेमको पौराणिक कथामा आधारित छ । राजविराज १ स्थित भगवती मन्दिरका पुजारी दुर्गानन्द मिश्रकाअनुसार पतिव्रता सावित्रीले यही पर्व गरेर मृत पति सत्यवानलाई यमराजबाट फिर्ता गरेको धार्मिक मान्यता छ । वट सावित्रीको पूजा गरेमा महिलाहरुले अखण्ड सौभाग्यवतीको आर्शिवाद प्राप्त हुने विश्वास छ ।

कथाअनुसार यमराजले सत्यवानको प्राण लिएर जान लागेपछि सावित्री पनि यमराजको पछि लागिन । यमराजले मृत पतिसँगै जिवित सावित्री जान नपाउने भन्दै त्यस्को साटो बरु वरदान माग्न भने । सावित्रीले सय पुत्रको आमा हुन पाउ भनी बरदान मागिन । यमराजले सय पुत्रको आमा हुन पाउने बरदान दिएलगत्तै सावित्रीले यमराजसँग आफू पतिव्रता महिला भएकोले पति बिना सन्तान सम्भव नहुने बताएपछि सत्यवानको प्राण फिर्ता गर्न यमराज बाध्य भएको पुजारी मिश्रले बताए ।

सावित्रीले पतिको प्राण बचाउन यमराजको पछि लागेको बेला बट वृक्षले नै सत्यवानको शवको देखरेख गरेको पौराणिक कथामा छ । पतिको प्राण फिर्ता लिएर फर्किने बेला सावित्रीले वट वृक्षप्रति आभार व्यक्त गर्दै परिक्रमा गरेर आराधना गरिन । यसैले वट सावित्री व्रतमा बरको रुखमा पूजा तथा परिक्रमा गर्ने नियम छ । आसपासमा बरको रुख नभएको अवस्थामा वरको हाँगा टिपेर आँगनमा रोपेर पनि व्रत सम्पन्न गरिन्छ ।

प्रदेश नं २ का सञ्चारमाध्यमलाई प्रस काउन्सिलबाट राहत

धनुषा / नेपाल पत्रकार महासंघ प्रादेशिक समिति प्रदेश नं २ ले पत्रपत्रिकाको वर्गीकरण गर्दा प्रदेश नं २ का पत्रिकालाई राहतपूर्ण सूचीमा राख्न प्रेस काउन्सिल नेपालसँग आग्रह गरेको छ । प्रादेशिक समितिका अध्यक्ष दीपेन्द्र चौहानको अध्यक्षतामा जनकपुरमा बसेको बैठकले गत वर्ष आएको बाढीका कारण प्रदेश २ का सञ्चारमाध्यम प्रभावित भएको तथ्य मनन गर्दै विनाभेदभाव वर्गीकरण गर्न सुझाव दिएको छ । पत्रकार महासंघ प्रादेशिक समितिको कार्यालय व्यवस्थापन तथा सञ्चालन प्रदेश २ को प्रशासनिक मुख्यालय जनकपुरमा गर्ने भएकाले त्यसको लागि आवश्यक व्यवस्थापनको जिम्मा महासचिव किरण कर्ण र कार्यालय सञ्चालनका लागि आवश्यक भौतिक सामग्रीको व्यवस्थापनको जिम्मा कोषाध्यक्ष प्रवीण साहलाई दिइएको छ । प्रादेशिक समितिको अर्को बैठक आउँदो असारमा वीरगञ्जमा बस्ने भएको छ ।

जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

नयाँ पत्रिका, अन्नपूर्ण, क्रान्तिपुर, nagariknews, राजधानी, जनता टाइम्स, एकीकृत एक्सन, एक्सन लाइन

अमर एडभरटाईजिङ धरान

९८५२०४९३२५, ९८५२०४७७७९

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियुगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझ्काउनु पर्ने सवै किसिमका करहरु समयमै वुझ्काई नगरको विकासमा सहयोग पुर्‍याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगवाट वचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा



प्रो.केदार श्रेष्ठ

माता मनकामना इन्टरप्राइजेज

सप्तकोसी नपा-१, फत्तेपुर

०३१-५५०१०६,

९८०७७७३८९१,

९८५२८११२९१

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।



Complete Mobile & Computer Concern

extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari

031-550014, 3dezone@gmail.com

